मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २१ गते बुधबार ❑ 4 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पर्वतारोहणलाई सुरक्षित बनाउन सरकार क्रियाशील छः प्रधानमन्त्री

पोखरापत्र संवाददाता
म्याग्दी, २० जेठ

प्रधानमन्त्री केपी शर्मा ओलीले हिमाल आरोहणलाई सुरक्षित बनाउन सरकार क्रियाशील रहेको बताउनुभएको छ।

अन्नपूर्ण हिमाल आरोहणको हीरक महोत्सवका अवसरमा मंगलबार अन्नपूर्ण गाउँपालिकाले अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा आयोजना गरेको समारोहमा प्रधानमन्त्री ओलीले हिमाल आरोहणको जोखिम घटाउन सरकारले काम गरिरहेको बताउनुभयो। "हिमाल आरोहणको जोखिम घटाउन सरकारले दक्ष जनशक्ति तयार र आरोहणमार्गमा आवश्यक पूर्वाधार तयार पारेका कारण सगरमाथा आरोहण गर्नेको सङ्ख्या बढेको हो," प्रधानमन्त्री ओलीले भन्नुभयो। "अन्नपूर्णलगायत हिमालका आधार शिविर जोड्ने पदमार्ग निर्माण र स्तरोन्नतिका कार्यक्रममा पनि सरकारको ध्यान गएको छ।" प्रधानमन्त्री ओलीले म्याग्दी हुदै मुस्ताङको कोरला नाका जोड्ने कालीगण्डकी 'कोरिडोर' को स्तरोन्नतिलाई पनि राज्यले प्रमुख प्राथमिकता दिएको बताउनुभयो। कोरला नाकामा भौतिक पूर्वाधार निर्माण गर्न सरकार लागिपरेको बताउनुभयो। पचहत्तर वर्षअघि फान्सका मौरिस हर्जोगको टोलीले अन्नपूर्ण आरोहण गरेर नेपालको पर्वतारोहणको सम्भावनाको ढोका खोलिदिएको स्मरण गर्दै उहाँले पर्वतीय पर्यटनको विकासमा शेर्पा समुदायले गरेको योगदानको प्रशंसा गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो "मौरिसले लेखेको अन्नपूर्ण पुस्तकले नेपाल र यहाँका हिमाललाई विश्वमा चिनाउन योगदान गरेको छ।"




सन् १९५० जुन ३ मा आरोही हर्जोगले आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण आरोहण गर्नुभएको हो। हीरक महोत्सव समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, ऊर्जा, सिँचाइ तथा जलस्रोत राज्यमन्त्री खमबहादुर गर्बुजा उपस्थित हुनुहुन्थ्यो।

## बुधबारदेखि सार्वजनिक यातायात सेवा सुचारु हुने

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

बुधबारदेखि सार्वजनिक यातायात सेवा पुनः सुचारु हुने भएको छ। संघीय सरकारको निर्देशन पछि राइड सेयरिङ नियमावली स्थगन गरिएको र एक महिनाभित्र माग सम्बोधन गर्न कार्यदल गठन गरिने सहमतिसँगै सार्वजनिक यातायात व्यवसायीहरूको आन्दोलन स्थगन भएको यातायात व्यवसायीले बताए।

गण्डकी प्रदेश सरकारले इन ड्राइभ, टुटल, पठाओ जस्ता राइड सेयरिङ एपहरूमार्फत सेवा सञ्चालनलाई वैधानिकता दिने गरी ल्याएको नियमावली २०८२ हाललाई स्थगन गरिएको छ। तर, यो विवाद केवल नियमावलीको पक्षविपक्षमा सीमित छैन–यो एक गहिरो नीतिगत र सामाजिक संक्रमणको संकेत हो, जहाँ परम्परागत व्यवसायिक स्वार्थ र आधुनिक प्रविधिमा आधारित सेवाबीच टकराव देखिएको छ।

राइड सेयरिङ सेवा डिजिटल प्रविधिमा आधारित यातायात सेवा हो, जसले खासगरी युवावर्ग र मध्यम वर्गका यात्रुहरूलाई सहज, सस्तो तथा विकल्पयुक्त यातायात सुविधा प्रदान गर्दै आएको छ। तर, सार्वजनिक यातायात व्यवसायीहरूले यसलाई आफ्नो व्यवसायमा खतरा देख्दै सडक आन्दोलनको बाटो रोजे।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका संयोजक केदार पौडेलले प्रदेश सरकारले सवारी तथा यातायात ऐन २०४९ र संविधानको मर्म विपरीत निर्णय लिएको दाबी गरेका छन्। उनीहरूले तीन बुँदे माग राख्दै नियमावली खारेज, स्पष्ट आयात नीति र सामाजिक सुरक्षाको अनिवार्यतासमेत जोड दिएका छन्। उता, सेल्फ ड्राइभ तथा राइड सेयरिङ व्यवसायीहरूले भने प्रदेश सरकारले ल्याएको नियमावलीलाई ३५-४० वर्षदेखिको माग सम्बोधन गर्ने ऐतिहासिक कदम भन्दै संघीय सरकारको हस्तक्षेपप्रति कडा आपत्ति जनाएका छन्। प्रश्न उठ्छ – के सार्वजनिक सेवाका नाममा सीमित व्यवसायिक हितका लागि प्रविधिसँग टक्कर उचित होरु के आम नागरिकको यात्राको अधिकार परम्परागत सिण्डिकेट प्रणालीले बन्धक बनाइरहन मिल्छ। प्रदेश सरकारले भने नियमावलीले सेवाग्राही, सेवा प्रदायक र चालक सबैको हकहित सुरक्षित गर्दै दिगो यातायात विकासमा टेवा पुऱ्याउने स्पष्ट पारेको छ। हाललाई आन्दोलन स्थगित भए पनि नीति निर्माणको यो संघर्षले नेपालमा यातायात सेवा क्षेत्र कुन दिशामा जानेछ भन्ने महत्वपूर्ण बहसको संकेत गरेको छ।

## अन्नपूर्ण आधार शिविरमा प्रथम आरोहीको सालिक अनावरण

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको अन्नपूर्ण आधार शिविरमा अन्नपूर्ण हिमालको प्रथम आरोहण गर्ने टोलीका सदस्यको सालिक स्थापना भएको छ।

अन्नपूर्ण हिमाल आरोहणको हीरक महोत्सवत्सवका अवसरमा आज अन्नपूर्ण आधार शिविरमा निर्मित सालिकको ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजाले अनावरण गर्नुभयो।



अन्नपूर्ण गाउँपालिकाले प्रथम आरोहण टोलीको अगुवा फ्रान्सका मौरिज हर्जोग, लुई लचेनल र सोनाम वालुङ शेर्पाको सालिक स्थापना गरेको हो।

उक्त स्थानमा हालसम्म अन्नपूर्ण हिमाल आरोहण गरेका ५३६ जनाको नामावली उल्लेख गरिएको ताम्रपत्र भएको खुल्ला सङ्ग्रहालय पनि स्थापना भएको छ। नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाका रूपमा आज विविध कार्यक्रम गरी अन्नपूर्ण हीरक महोत्सव मनाइएको हो।

## मुस्ताङका चार पालिकामा 'पूर्ण खोप सुनिश्चितता'

पोखरापत्र संवाददाता
मुस्ताङ, २० जेठ

यहाँको घरपझोङ गाउँपालिकासहित चार स्थानीय तहलाई 'पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका' घोषणा गरिएको छ।

'स्थानीय स्रोतको उपयोग, स्वामित्व, सहभागिता, पूर्ण खोप गाउँपालिकाका हाम्रो प्रतिबद्धता' नारासहित ती स्थानीय तहलाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको हो। यहाँका घरपझोङ, लोमान्थाङ, लोघेकर दामोदरकुण्ड र थासाङ गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको जनस्वास्थ्य कार्यालय मुस्ताङका तथ्याङ्क अधिकृत राजन पहाडीले जानकारी दिनुभयो। उहाँका अनुसार मुस्ताङका पाँच पालिकामध्ये चार पालिकाले पूर्ण खोप घोषणा गरेको र केही दिनमा वारागुङ मुक्तिक्षेत्रले पनि पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने कार्यक्रम रहेको छ।

घरपझोङले आज यहाँ एक कार्यक्रम गरी पालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेको गाउँपालिकाका स्वास्थ्य शाखा अधिकृत कर्णबहादुर थकालीले जानकारी दिनुभयो। पूर्ण खोप पालिका घोषणा गर्दै पालिका अध्यक्ष मोहनसिंह लालचनले सबैको सामूहिक प्रयासले घोषणा कार्य सम्पन्न भएको र अब यसलाई निरन्तरता दिन लाग्नुपर्ने बताउनुभयो। गाउँपालिकाउपाध्यक्ष जमुना थकालीले गाउँपालिकाले तयारी गरेको बालमैत्री स्थानीय शासनको सूचकमध्ये खोप कार्यक्रम महत्वपूर्ण रहेको भन्दै यसको दिगोपना अपरिहार्य रहेको उल्लेख गर्नुभयो। प्रदेश अस्पताल जोमसोमका चिकित्सक डा मनिष कोइरालाले बालबालिकालाई स्वस्थ्य राख्नका लागि शारीरिक, मानसिक र अन्य वृद्धि विकासमा खोप अनिवार्य रहेको बताउनुभयो। यसअघि यहाँका पाँच पालिकाका २५ वटा वडामध्ये चार पालिकाका २० वडाका वडास्तरीय खोप समन्वय समितिले पूर्ण खोप लगाएको घोषणा गरेपछि पालिकालाई पनि पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो।

## अन्नपूर्ण क्षेत्रमा आउने विदेशी पर्यटकको संख्यामा बर्सेनि वृद्धि

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

पचहत्तर वर्षअघि आजकै दिन अर्थात् सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस हर्जोग नेतृत्वको टोलीले पहिलोपटक अन्नपूर्ण हिमालको आरोहण गरेसँगै बामे सरेको अन्नपूर्ण क्षेत्रको पर्यटनले पछिल्लो समय फड्को मारेको छ।

मङ्गलबार अन्नपूर्ण आरोहणको हीरक जयन्ती मनाइरहँदा यस क्षेत्रमा भित्रने विदेशी पर्यटकको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको पाइएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप)को तथ्याङ्कअनुसार गत आवमा उक्त क्षेत्रमा पर्यटकको सङ्ख्या २९ प्रतिशतले वृद्धि भएकामा यो वर्ष थप बढ्ने देखिएको छ।

आयोजना प्रमुख डा रविन कडरियाले गत आवमा दुई लाख २२ हजार एक सय ८० पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेकामा चालु आवको दस महिनामै त्योभन्दा बढी पर्यटक आएको बताउनुभयो। उहाँका अनुसार गत वैशाखसम्ममा दुई लाख २६ हजार चार सय नौ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका छन्।

जेठ र असारमा आउने पर्यटक थपिँदा उक्त सङ्ख्या गत आवको तुलनामा उल्लेख्य रूपमा बढी हुने प्रमुख डा कडरियाले बताउनुभयो। "यस क्षेत्रमा विदेशी पर्यटक आउने क्रम बर्सेनि बढ्दो छ", उहाँले भन्नुभयो, "बढीजसो धार्मिक भ्रमण र पदयात्रामा आउने गरेका छन्।"

उक्त क्षेत्रमा आव २०७९/८० मा एक लाख ७२ हजार एक सय आठ विदेशी पर्यटक आएका थिए। कोभिड-१९ महामारीका कारण त्योभन्दा अघिल्लो आवमा पर्यटकको सङ्ख्या झनै न्यून थियो। कोभिड-१९ महामारी थामिएपछि पर्यटकको सङ्ख्या अहिलेसम्मकै उच्च दरमा वृद्धि भएको 'एक्याप' का प्रमुख डा कडरियाले बताउनुभयो।

चालु आवमा अन्नपूर्ण क्षेत्रको भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या दुई लाख ७५ हजार पुग्ने अनुमान गरिएको उहाँको भनाइ छ। पदयात्रा पर्यटनका लागि विश्वमाझ प्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा असोज-मङ्सिर र चैत-जेठ गरी दुई याममा विदेशी पर्यटक बढी आउने गरेको उहाँले बताउनुभयो। वर्षात् र जाडो याममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको सङ्ख्या न्यून हुने गरे पनि अन्य सययमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेको छ। मुक्तिनाथलगायत धार्मिक गन्तव्यस्थलमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रूचाउने गरेका छन्। 'एक्याप' ले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ।

हिमशृङ्खलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनिएको छ। कास्की, लमजुङ, मुस्ताङ, मनाङ, म्याग्दीलगायत मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ। अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायत गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन्। अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जाका पालिकालाई झण्डै ५ अर्ब बजेट

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २० जेठ

सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमा स्याङ्जाका ११ स्थानीय तहलाई झण्डै ५ अर्ब बजेट विनियोजन गरिएको छ। संघीय सरकारले जिल्लाका स्थानीय तहलाई अनुदानका विभिन्न शिर्षक अर्न्तगत ४ अर्ब ७५ करोड ८१ लाख विनियोजन गरेको हो।

जिल्लाका स्थानीय तहलाई समानीकरण अनुदानमा १ अर्ब १० करोड ७७ लाख बजेट विनियोजन गरिएको छ। बजेटमा शर्सत अनुदान तर्फ ३ अर्ब ३७ करोड ८१ लाख विनियोजन गरिएको छ भने विशेष अनुदानमा १६ करोड २९ लाख विनियोजन गरिएको छ। समपुरक अनुदानमा १० करोड ९४ लाख विनियोजन गरिएको सार्वजनिक बजेटमा उल्लेख छ । चालु आर्थिक वर्ष २०८१/०८२ का लागि जिल्लाका स्थानीय तहलाई ५ अर्ब ४३ करोड विनियोजन गरेको संघीय सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ४ अर्ब ७५ करोड ८१ लाख विनियोजन गरेको छ । चालु वर्षको तुलनामा आगामी आर्थिक वर्षका लागि करिब २५ करोड कम बजेट विनियोजन गरिएको हो । नगरपालिका तर्फ पुतलीबजारले ७५ करोड १ लाख अनुदान पाउँदा वालिङले ६६ करोड ३२ लाख पाएको छ । गल्याङ्ले ५२ करोड १५ लाख अनुदान पाउँदा चापाकोटले ४३ करोड ९७ लाख पाएको छ भने भीरकोटले ४२ करोड ३६ लाख गरी जिल्लाका ५ नगरपालिकालाई २ अर्ब ७९ करोड ८२ लाख विनियोजन गरिएको छ। १ अर्ब ९५ करोड ९९ लाख पाएका जिल्लाका गाउँपालिका तर्फ कालिगण्डकीले ४१ करोड ४१ लाख पाउँदा बिरुवाका लागि ३४ करोड ३७ लाख विनियोजन गरिएको छ । आँधीखोलालाई ३३ लाख ७८ विनियोजन हुँदा अर्जुनचौपारीले ३० करोड १२ लाख अनुदान पाएको छ । हरिनाशले ३० करोड ३ लाख पाउँदा फेदीखोलाका लागि २६ करोड १ लाख विनियोजन भएको छ । नगरपालिका तर्फ पुतलीबजारले सबै भन्दा बढि अनुदान पाउँदा भीरकोटले सबै भन्दा कम बजेट पाएको छ । पुतलीबजारले ७५ करोड १ लाख पाउँदा भीरकोटलाई ४२ करोड ३६ लाख विनियोजन भएको छ। गाउँपालिकमा सबै भन्दा बढि ४१ करोड ४१ लाख कालिगण्डकीले पाउँदा फेदीखोलालाई २६ करोड १ लाख विनियोजन गरिएको छ । पुतलीबजारले समानीकरणमा १३ करोड ९३ लाख, शर्सतमा ५८ करोड ११ लाख, विशेष अनुदानमा २ करोड ७ लाख पाउँदा समपुरमा ९० लाख पाएको छ भने वालिङलाई समानीकरणमा १५ करोड ७ लाख, शर्सतमा ४८ करोड ९० लाख, विशेषमा १ करोड ४५ लाख पाएको छ भने समपुरक अनुदानमा ९१ लाख मात्रै बजेट विनियोजन भएको छ।

समानीकरणमा १२ करोड ५२ लाख पाएको गल्याङले शर्सतमा ३८ करोड ७ लाख पाएको छ भने विशेष अनुदानमा ६९ लाख पाउँदा समपुरक अनुदानमा ८७ लाख पाएको छ। समानीकरणमा १० करोड ३० लाख, शर्सतमा ३२ करोड १७ लाख पाउँदा समपुरकमा १ करोड ५० लाख पाएको चापाकोटले विशेषमा अनुदान पाएको छैनू। भीरकोटलाई समानीकरणमा ९ करोड ८२ लाख, शर्सतमा २८ करोड ३९ लाख, विशेषमा ३ करोड २ लाख र समपुरकमा १ करोड १३ लाख विनियोजन गरिएको छ । कालिगण्डकीले समानीकरणमा ९ करोड २० लाख, शर्सतमा २९ करोड ९५ लाख, विशेषमा १ करोड ६५ लाख पाउँदा समपुरक अनुदानमा ६१ लाख पाएको छ। समानीकरणमा ८ करोड ४६ पाएको बिरुवाले शर्सतमा २३ करोड ४० लाख, विशेषमा १ करोड २९ लाख पाउँदा समपुरकमा १ करोड २२ लाख पाएको छ भने आँधीखोलालाई समानीकरणमा ८ करोड १७ लाख, शर्सतमा २२ करोड १४ लाख, विशेष अनुदानमा २ करोड ६१ लाख र समपुरकमा ८६ लाख विनियोजन भएको छ। त्यसैगरी ७ करोड ९३ लाख समानीकरणमा अनुदान पाएको अर्जुनचौपारीले शर्सतमा २० करोड ३९ लाख, विशेषमा ७५ लाख पाउँदा समपुरकमा १ करोड ५ लाख पाएको छ। हरिनाशले समानीकरणमा ८ करोड २ लाख, शर्सतमा १९ करोड ४६ लाख, विशेषमा १ करोड ८० लाख पाउँदा समपुरकमा १ करोड २ लाख पाएको छ भने फेदीखोलाले समानीकरणमा ७ करोड ३५ लाख, शर्सतमा १६ करोड ८३ लाख, विशेषमा ९६ लाख पाउँदा समपुरकमा ८७ लाख मात्रै बजेट पाएको छ।

# वडा नं. २६ मा उद्घोषण र समूह व्यवस्थापन तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

पोखरा महानगरपालिका वडा नं २६ ले महिला तथा आमा समूहका लागि उद्धोषण र समूह व्यवस्थापन तालिम सोमबार देखी शुरु गरेको छ।

तालिम शुभारंभ गर्दै, पोखरा महानगरपालिका वडा नं २६ का अध्यक्ष नरेन्द्र थापाले महिलाहरुका लागि संचालन गरिएका कार्यक्रमहरु प्रभावकारी हुँदै आएको बताउनु भयो। वडा अध्यक्ष थापाले महिलाहरुको क्षमता र नेतृत्व विकासका लागि बार्षिक कार्ययोजना बनाई तालिम संचालन गर्दै आएको उल्लेख गर्नु भयो।

तालिमले महिलाहरुलाई आत्मविश्वासी र दृढ बनाएको बताउँदै, अध्यक्ष थापाले समूह र टोलबाट नयाँ नेतृत्व उत्पादनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो । उहाँले अनुशासन र समय व्यवस्थापनमा महिलाहरु अब्बल हुने भएकाले तालिमको सिकाई प्रभावकारी हुन् अपेक्षा गर्नु भयो । मसिना



कुराहरुको ज्ञान नहुँदा समूहलाई व्यवस्थापन गर्न कठिनाई भएको उल्लेख गर्दै अध्यक्ष थापाले तालिम पछि महिलाले नेतृत्व गरेका समूह सुदृढ हुने विश्वास व्यक्त गर्नु भयो।

वडा सदस्य लक्ष्मीदेवी भट्टराईले क्षमता भएकाहरुको भूमिका समाजमा फरक हुने भएकाले सहभागीलाई तालिमले थप शक्तिकरण गर्ने बताउनु भयो । वडा सदस्य सुजता बराल सुनारले क्षमता अभिबृद्धि र उद्यमशिलताका तालिमहरुले महिलाहरुलाई शसक्तीकरण र उत्पादनमा जोड्न सकिने बताउने भयो । कार्यक्रममा पोखरा महानगरपालिका वडा न. २६ का सूचना अधिकारी नवराज सापकोटाले व्यक्तित्व विकास र अन्तरनिहित दक्षतालाई प्रस्फुटन गर्न तालिम सहयोगी हुने उल्लेख गर्नु भयो। प्रशिक्षक घनश्याम पाण्डेले ज्ञान हुँदा हुँदै पनि अभिव्यक्तिको माध्यम र विधि जानकारी नहुँदा महिलाहरु नेतृत्वदायी भूमिकामा देखिन समस्या भएको बताउनु भयो।

वडा सदस्य लक्ष्मी देवी भट्टराईको अध्यक्षतामा भएको तालिम शुभारंभ कार्यक्रमको संचालन वडा नं. २६ का कर्मचारी इन्दिरा रेग्मीले गर्नु भएको थियो। एक सातासम्म संचालन हुने तालिममा एक सय २० जनाको सहभागिता रहेको छ।

# एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट च्याम्पीयनसीपमा अमरसिंह र रत्न ज्योतिको पहिलो जित

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

पोखरामा जारी एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट च्याम्पीयनसीप अन्तर्गत मंगलबारको खेलमा अमरसिंह मावि र रत्न ज्योति सेकेण्डरी स्कुल बिजयी भएका छन्।

पाेखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा पोखराको लेखनाथस्थित ईडेन गार्डेन क्रिकेट मैदानमा जारी प्रतियोगिता अन्तर्गत मंगलबार भएको खेलमा अमरसिंह माविले न्यूलाईट सेकेण्डरी र रत्न ज्योतिले एसओएस हर्मन माईनर सेकेण्डरी स्कुललाई पराजित गर्दै पहिलो जित हात पारेका हुन्।

मंगलबारको पहिलो खेलमा अमरसिंह माविले न्यूलाईटलाई ११८ रनको फराकिलो अन्तरले पराजित गऱ्यो । न्यूलाईटले टस जितेर फिल्डिङ रोजेपछि व्याटिङमा उत्रिएको अमरसिहं माविले २० ओभरमा सबै विकेट गुमाएर २०५ रनको विशाल योगफल तयार गऱ्यो । अमर सिंहका लागि आम्रय रिमालले २७ बलमा ३९ रन, सत्कार चालिसेले ३० बलमा ३८ रन तथा सुलभ सुवेदीले १७ बलमा २६ रनको योगदान दिए। न्यूलाईटका एमडी आसिफले ४ ओभरमा १८ रन तथा प्रतीक भुषालले ४ ओभरमा ३३ रन खर्चेर समान २/२ विकेट लिए। २०६ रनको विशाल लक्ष्य पछ्याएको न्यूलाईट निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८७ रनमा सिमित बनेको थियो।। न्यूलाईटका लागि एमडी आसिफले २७ बलमा २६ रन तथा कात्तिक पौडेलले २९ बलमा १० रन बनाउनुबाहेक अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन् । न्यूलाईटलाई न्यून रनमा सिमित गर्न अमरसिंहका स्मिथ कँडेलले ३ ओभरमा ६ रन तथा सुलभ सुवेदीले ४ ओभरमा १७ रन खर्चेर समान २/२ विकेट लिन सफल भए। सो खेलमा अमरसिंह मविका सुलभ सुवेदी प्लेयर अफ दी म्याच घोषित भए । मंगलबारकै दोश्रो खेलमा रत्न ज्योति सेकेण्डरी स्कुलले एसओएस हर्मन माईनर सेकेण्डरी स्कुललाई २ विकेटले पराजित गऱ्यो। रत्न ज्योतिले टस जितेर फिल्डिङ रोजेपछि व्याटिङमा उत्रिएको एसओएसले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १२६ रनको मध्यम योगफल तयार गऱ्यो । एसओएसका लागि विराज सापकोटाले ५५ बलमा ५६ रन तथा रसेल सुवेदीले ४५ बलमा १९ रन बनाउनुबाहेक अन्यले उल्लेख्य प्रदर्शन गर्न सकेनन्। एसओएसलाई मध्यम स्कोरमा रोक्ने क्रममा रत्न ज्योतिका अभिषेक पौडेलले ४ ओभरमा १४ रन तथा सुशान्त पोखरेलले ४ ओभरमा २२ रन खर्चेर समान १/१ विकेट लिए।

१२७ रनको मध्यम लक्ष्य पछ्याएको रत्न ज्योतिले १५.४ ओभरमा ८ विकेटको नोक्सानीमा लक्ष्य भेट्टाएको हो। रत्न ज्योतिका लागि अरुण घिमिरेले ३० बलमा २६ रन तथा प्रतीक सुवेदीले ८ बलमा १९ रनको योगदान दिए । एसओएसका निकोल्सन पराजुलीले २ ओभर बलिङ गर्दै १५ रन खर्चेर ३ विकेट तथा अनन्त आचार्यले ४ ओभरमा ३९ रन खर्चेर २ विकेट हत्याए। सो खेलमा रत्न ज्योतिका अरुण घिमिरे प्लेयर अफ म्याच घोषित भए। प्रतियोगिता अन्तर्गत बुधबार जुनियर सिटिजन एकेडेमीबिरुद्ध प्रतिभा मावि तथा डायमण्ड एकेडेमीबिरुद्ध एसओएस प्रतिष्पर्धामा उत्रिने आयोजक पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए।

# खाता रोक्का हुँदा राष्ट्रपति रनिङशील प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

गण्डकी प्रदेशको आर्थिक मामिला मन्त्रालयले प्रदेश खेलकुद परिषद्को खाता रोक्का गरेपछि राष्ट्रपति रनिङशील प्रतियोगिता प्रभावित भएको छ।

परिषद्ले यही जेठ २२ गतेबाट सुरु गर्ने तयारी गरेको प्रदेशस्तरीय छनोट प्रतियोगिता र त्यसपछि हुने बन्द प्रशिक्षण समेत प्रभावित भएको प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्माले बताउनु भयो।

उक्त खाता रोकिएसंगै उक्तः प्रतियोगिता भने यही जेठ २६ र २७ गते गोरखामा हुने भएको उहाँले जनाउनु भयो । दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता तयारीका लागि जिल्ला र प्रदेशस्तरीय विशेष प्रशिक्षण तथा अन्य कार्यक्रम सञ्चालनका लागि १ करोड ८० लाख २४ हजार रुपैयाँको बजेट रातो कितावमै उल्लेख भए पनि उक्त प्रतियोगिता अन्यौल भए पछि परिषदले सो रकमबाट राष्टपति कप छनौट प्रतियोगिताको तयारी गर्दा जिल्लाहरुलाई रकम दिन खोज्दा खाता रोक्का भएको जानकारी प्राप्त गरेको थियो। गतवर्ष संघीय सरकारको सशर्त अनुदान मार्फत राष्ट्रपति रनिङशीलका लागि ६५ लाख रुपैयाँ बजेट विनियोजन भएको थियो। तर, यसवर्ष संघीय सरकारबाट बजेट नपरेपछि प्रदेश सरकारले मात्र ३० लाख रुपैयाँ विनियोजन गरेको सदस्य सचिव शर्माले बताउनुभयो।

आर्थिक मामिला मन्त्रालयले सो बजेट गत चैत ६ गते रोक्का गरेको पत्र केही दिन अघि मात्र दिएको परिषदले जनाएको छ। उक्त बजेट रोक्का भएसंगै समस्या उत्पन्न भएको बताउदै सदस्य सचिव शर्माले आफुहरुलाई यसबाट मानसिक रुपमा समेत असर परेको गुनासो गर्नुभयो।

आर्थिक मामिला मन्त्रालयका सचिव राजेन्द्रदेव पाण्डेले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गतका कार्यक्रमसँग सम्बन्धित बजेट नै रोक्का गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार परिषद्ले बोर्ड बैठकको निर्णय अनुसार आवश्यकता अनुसार बजेट माग गरेपछि विनियोजन गर्ने व्यवस्था मिलाइनेछ।

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता ३ पटक सरेर अझै कहिले हुने अन्यौलको अबस्था रहेको छ । परिषदले खेलाडी कल्याणकारी कोष स्थापना तथा संचालन सम्बन्धि कार्यविधिको लागि उक्त कोषमा २० लाख जम्मा गरे पनि आर्थिक मामिला मन्त्रालयले १४ महिना देखि सहमती नदिई रोकेको शर्माले गुनासो गर्नुभयो।

# पाण्डे निलम्बित, जोशीलाई निमित्त प्रमुखको जिम्मेवारी

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

काठमाडाैं महानगरपालिकाका नगर प्रहरी प्रमुखराजुनाथपाण्डे निलम्बनमा पर्नुभएको छ।

प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले उहाँलाई निलम्बन गर्नुभएको हो। पाण्डे निलम्बनमा परेसँगै कामपाको विपद् व्यवस्थापन विभागमा कार्यरत विष्णु जोशीलाई नगर प्रहरीको निमित्त प्रमुखको जिम्मेवारी दिइएको छ । यसअघि गुरागाईंले आफूलाई कार्यालय प्रवेश गर्न अवरोध पुऱ्याएको भन्दै पाण्डेलाई स्पष्टीकरण सोध्नुभएको थियो । जोशीले आफूलाई अर्को निर्णय नहुँदासम्म प्रहरी निमित्त प्रमुखको जिम्मेवारी दिइएको जानकारी दिनुभयो।

# फोटो तथा मोबाइल पत्रकारिता तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

नेपाल पात्रकार महासंघ कास्कीको आयोजना तथा पोखरा महानगरपालिकाको सहयोगमा आयोजित ३ दिने फोटो तथा मोबाइल पत्रकारिता तालिम सम्पन्न भएको छ।

समापन सत्रमा बोल्द जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले तालिमले आफ्नो पेशामा निपुर्न बन्न मदत गर्ने बताए। उनले पत्रकारको कर्मलाई समाजले निग्रानी गरिरहेको हुने बताउदै आफ्नो कर्ममा निश्पक्ष भएर समाचार सप्रेषण गर्नु पर्ने बताए। सहभागीको तर्फबाट बोल्दै संचारकर्मी रोजी श्रेष्ठ र राजन उपाध्ययले तालिम छोटो समयको भएता पनि प्रभावकारी भएको बताए । आगामी दिनमा अभ्यास सहितको तालिम प्रदान गर्न आयोजकलाई आग्रह गरे। प्रमुख प्रशिक्षक वरिष्ठ फोटो पत्रकार एवमं मोवाइल पत्रकारिता विशेषज्ञ विकास कार्कीले फोटो, भिडियोका लागि मोवाइलको उच्चतम प्रयोग गर्न सकिने बारे प्रशिक्षित गरे । वरिष्ठ फोटो पत्रकार राम गुरुङ र कृष्णमणि बरालले पत्रकारितामा फोटो पत्रकारिताको महत्व सहित आफ्नो अनुभव सहित सहजिकरण गरे । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधब बरालको अध्यक्षतामा सम्पन्न कार्यक्कमको संचालन सह सचिव मधु अधिकारीले गरेका थिए । तीन दिन सम्म संचालन भएको तालिममा विभिन्न संचारमाध्यममा आवद्ध ७० जना पत्रकार एवम संचारकर्मीको सहभागिता थियो।


## मेलमिलापबाट विवादको समाधान गरौं।

मेलमिलापबाट:

- विवाद छिटो, कम समय र खर्चमा समाधान हुन्छ,
- सम्बद्ध पक्षले आफ्नो इच्छाअनुसार समाधान खोज्ने मौका पाउँछन्,
- आपसी सम्बन्ध सुधार हुन सक्छ,
- सम्बद्ध सबै पक्षलाई जितको अनुभव गराउँछ,
- तटस्थ र निष्पक्ष रुपमा विवादको समाधान हुन सक्छ,

विवाद समाधानमा मेलमिलाप पद्धतिलाई अपनाऔं र अरुलाई पनि उत्प्रेरित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# अन्नपूर्ण हिमाल आरोहणको हिरक महोत्सव

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहणको ७५ वर्ष पूरा भएको छ । आजभन्दा ७५ वर्ष अघि जुन ३ अर्थात जेठ २० गते फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग नेतृत्वको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेको थियो । हर्जोगसँगै लुइस लचेनल र दुई नेपाली शेर्पासमेत चार जनाले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेसँगै हिमाल आरोहणको युगको सुरुवात भएको थियो । अन्नपूर्ण हिमाल आरोहणको सफलतासँगै सन् १९५३ मई २९ तारिखको दिन सर्वोच्च शिखर सगरमाथामा सर्वप्रथम तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीले सफल आरोहण गरेर कीर्तिमान कायम गरेका थिए ।अन्नपूर्ण हिमाल आरोहणको उत्सवको रुपमा मनाउन थालिएको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको नेतृत्वमा पर्यटन बोर्ड, पर्वतारोहण संघ, टान गण्डकी, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(एक्याप) र अन्नपूर्ण गाउँपालिका पर्यटन विकास समितिको संयुक्त आयोजनामा शुक्रबारदेखि हीरक महोत्सव सुरु भएको छ । प्रधानमन्त्री केपी शर्मा ओली ,संस्कृति पर्यटन तथा नागरिक उड्ययनमन्त्री बद्री पाण्डे ,फ्रान्सका राजदूत सहितको टोली अन्नपूर्ण गाउँ पालिकाको नारच्याङमा पुगेर हिरक महोत्सव मनाएका छन।ओभेलमा परेको यस क्षेत्रमा यसपटक अन्नपूर्ण हीरक महोत्सवले यस क्षेत्रका पर्यटनकर्मी र स्थानीयवासीहरुलाई उत्साहित बनाएको छ । मौरिसको टोलीले उत्तरी मोहोडाबाट अन्नपूर्ण प्रथमको चुचुरो चुमेका थिए । चुचुरोमा पुग्नु के थियो ! उनी ८ हजार मिटरभन्दा अग्लो हिमाल चढ्ने संसारकै पहिलो व्यक्तिमा दरिए ।

मुस्ताङ हुँदै हालको अन्नपूर्ण गाउँपालिकाको नारच्याङबाट २ सय ५० जना भरियासहित उनको यात्रा सुरु भएको थियो । निलगिरिको फेरो लगाएर हिमालतिर सोभिएका उनले मर्छु कि भनेर विहेसमेत पर सारेका थिए । उनी भाग्यमानी दरिए तर हिउँले उनको खुट्टाका औंला खाइदियो । औंला गयो त के भयो, फ्रान्स सरकारले उनको सफलतामा तीन दिने राष्ट्रिय उत्सव मनायो । आरोहणको दुई वर्षपछि मौरिसले अन्नपूर्ण आरोहणका अनुभूति समेटेर 'अन्नपूर्ण'नामक पुस्तक नै लेखे । किताब सार्वजनिक भएकै हप्ता ४० हजार प्रति बिक्री भयो । सन् २०१२ मा हर्जोगको निधन हुँदासम्म अन्नपूर्णको बिक्री करोडौंको संख्यामा भइसकेको थियो । अन्नपूर्णमा पहिलो पाइला भन्ने शीर्षकको सो पुस्तकमा हर्जोगले आफ्नो हिमालप्रतिको मोह खुलाएका छन् । मौरिसले अन्नपूर्ण प्रथम चढेको ३ वर्षपछिमात्र तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले २९ मे १९५३ मा सगरमाथाको आरोहण गरेका थिए । अन्नपूर्ण आरोहणको लागि दुरुह हिमाल मानिन्छ । 'किलर माउण्टेन' को उपमा पाएको यो हिमाल आरोहण सजिलो छैन ।

आफ्नो पिताको ७५ वर्षअघिको कीर्तिमानी सम्झेर मौरिस हर्जोगका छोरा म्याथिएस इम्यानुएल म्याक्सिमिलेन र नाति सिमोन ज्याक्युस, फ्रान्सेली पर्वतारोहण अनुसन्धानकर्ता र सांगीतिक टोली गरी १४ जनाको टोली यतिबेला अन्नपूर्ण आधार शिविरमा रहेको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका,नेपाल पर्यटन बोर्ड र ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान ) गण्डकीको आयोजनामा त्यहाँ विशेष कार्यक्रम गरेर ऐतिहासिक दिनलाई भव्य बनाएका छन् । मौरिस र लुइसको शालिक अनावरण तथा उनी हिँडेको बाटोलाई मौरिस ट्रेल नामाकरण गरिएको छ । त अन्नपूर्णको दक्षिणी मोहोडामा रहेको अन्नपूर्ण बेसक्याम्पमा अघिल्ला वर्षजस्तै यो वर्ष पनि म्याराथन दौडको आयोजना गरिएको छ । बेसक्याम्पबाट सुरु दौड घान्द्रुकमा आएर समापन भएको छाअन्नपूर्ण पदमार्ग पर्यटकको रोजाईको हो।यस्को व्यापक प्रचारप्रसार र पदमार्ग र पर्यटको सुरक्षाका लागि सरकार र निजी क्षेत्रको सहकार्य आवश्यक छ ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : व्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# आरोही कल्याणकारी कोष स्थापना गरिने

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० जेठ

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले आरोही कल्याणकारी कोष स्थापना गर्ने सोचमा सरकार रहेको बताउनुभएको छ ।

अन्नपूर्ण हिमाल आरोहणको हीरक महोत्सवका अवसरमा अन्नपूर्ण गाउँपालिकाले मंगलबार नारच्याङमा आयोजना गरेको कार्यक्रममा सरकारले पर्यटन नीतिमा समसामयिक सुधारका साथै कल्याणकारी कोष स्थापना गर्ने सोचाइ बनाएको बताउनुभयो ।

"पर्यटनमार्फत देशको अर्थतन्त्रलाई गतिशील बनाउन पर्यटन नीतिमा सुधार गर्न लागिएको छ," उहाँले भन्नुभयो, "पर्यटन नीतिमा आरोही कल्याणकारी कोष स्थापनाको प्रस्ताव गरेका छौं ।"आरोही कल्याणकारी कोषमार्फत दुर्घटनामा परेका पर्वतारोहीहरूको उद्धार, उपचार र पर्वतारोहणपछिको जीवनलाई सहज बनाउन सघाउने सरकारको योजना रहेको मन्त्री पाण्डेले बताउनुभयो । गण्डकी प्रदेशका पर्यटन तथा उद्योगमन्त्री मित्रलाल बस्यालले पोखरालाई गण्डकी प्रदेश सरकारले घोषणा गरेको पर्यटकीय राजधानीलाई सङ्घीय मन्त्रिपरिषद्‌बाट अनुमोदन हुनुपर्नेमा जोड दिनुभयो ।

# दश किलोमिटर सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
दमौली, २० जेठ

सडक डिभिजन कार्यालय दमौलीले चालु आर्थिक वर्षमा १० किलोमिटर सडक कालोपत्र गरेको छ । कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को चैत मसान्तसम्म १० दशमलव २० किलोमिटर सडक कालोपत्र गरेको हो ।

चालु आर्थिक वर्षमा ३० किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य रहेको सडक डिभिजन कार्यालयका प्रमुख राजीव श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार अधिकांश सडकमा कालोपत्र सम्पन्न हुने अवस्थामा रहेको छ । कार्यालयले यस अवधिमा पाँच किलोमिटर नयाँ 'ट्र्याक' खोल्ने लक्ष्य राखेकामा चार किलोमिटर ट्र्याक खुलेको उहाँले जानकारी दिनुभयो । त्यस्तै, सात दशमलव ५० किलोमिटर ग्राभेल गर्ने लक्ष्य रहेकामा चार किलोमिटर सडक ग्राभेल भइसकेको छ । तीनवटा मोटरेबल पुल निर्माण गर्ने लक्ष्य रहेकामा हालसम्म पुलको काम सुरु हुन सकेको छैन । जीर्ण ठेक्का रहेका कारण पुलको काम हुन नसकेको श्रेष्ठले बताउनुभयो ।

कार्यालयका लागि चालु आर्थिक वर्षमा रु ८६.१२ करोड बजेट विनियोजन भएकामा हालसम्म ४३ दशमलव ४१ प्रतिशत बजेट खर्च भएको छ । कार्यालयले यस अवधिमा सडक बोर्डतर्फका १५, राजमार्ग पुनर्स्थापन तथा स्तरोन्नतितर्फका पाँच, वैकल्पिक सहायक राजमार्गका ४६, निर्वाचन क्षेत्र रणनीतिक सडकतर्फका एकवटा ठेक्का सम्झौता गरी काम सुरु गरेको जनाएको छ । कार्यालयको कार्यक्षेत्रभित्र छवटा राष्ट्रिय राजमार्ग, तीन स्थानीय सडक पुल र २८ वैकल्पिक सहायक राजमार्ग छन् । कार्यालयका अनुसार राष्ट्रिय राजमार्गतर्फ खैरेनी-भिमाद-कावासोती, भिमाद-रामपुर-मित्याल, आरुडखोला, आँबुखैरेनी-मुग्लिन, आँबुखैरेनी-गोरखा-घ्याम्पेसाल, दमौली-न्यौपानेवेसी-भोर्लेटार र डुम्रे-बन्दीपुर सडक कार्यक्षेत्रभित्र पर्दछ । त्यसैगरी, स्थानीय सडक पुलतर्फ सेतीगण्डकी, मर्स्याङ्दी नदीमा मोटरवेल पुल, त्रिशूली नदी पुल घुमाउनेघाट कार्यक्षेत्रभित्र पर्ने कार्यालयले जनाएको छ ।

यस अवधिमा निर्वाचन क्षेत्र रणनीतिक सडकतर्फ रु १२ करोड ६५ लाख ४४ हजार १८४, राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापनतर्फ रु तीन करोड ६८ लाख २९ हजार ७२ ९, क्षेत्रिय व्यापारिक मार्ग विस्तार आयोजनातर्फ रु एक करोड तीन लाख ५३ हजार ९८२, वैकल्पिक सहायक राजमार्ग विकासतर्फ रु ११ करोड ४५ लाख ४८ हजार ५००, सडक बोर्ड नेपालतर्फ रु दुई करोड ५१ लाख २४ हजार १२१ खर्च भएको जनाइएको छ ।

# वाई सर्भिस क्लबको बैंकिङ साक्षरता प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

वाई सर्भिस क्लब अफ पोखराको आयोजना तथा ग्लोबल आइ एमई बैंकको सहकार्यमा सोमबार विद्यार्थीहरुलाई बैंकिङ साक्षरता प्रशिक्षण सम्पन्न भयो ।

अन्तराष्ट्रिय सामाजिक संस्था वाईज मेन इन्टरनेशनल अन्तरगत रहेको क्लबले स्थापनाकालदेखि शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा काम गरिरहेको कार्यक्रमका प्रमुख अतिथि वाइज मेन इन्टरनेशनल नेपाल डिस्ट्रिक्टका गभर्नर अरुण रानाभाटले वताए ।

पोखरा ६ स्थित गण्डकी एकेडेमी कास्कीका कक्षा ९ र १० का विद्यार्थीहरुलाई क्लबका सदस्य तथा ग्लोबल आइएमई बैंकका कर्मचारी सुजन तिवारीले मोवाईल बैंकिङ तथा बैंकको महत्वको बारेमा प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा दक्षिण पुर्व एशिया क्षेत्रका सर्भिस डाइरेक्टर कृष्ण राणाभाट, निवर्तमान अध्यक्ष पुनम गुरुङ, ग्लोबल आइएमई बुद्धचोक शाखा प्रमुख, पूर्णिमा आलेलगाएतको उपस्थिति रहेको थियो । क्लबका अध्यक्ष प्रेम सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव विशाल बरालले संचालन गरेका थिए ।

# संस्कृति संरक्षण गर्न पञ्चेबाजा तालिम

**पोखरापत्र संवाददाता**
तनहुँ, २० जेठ

सीपयुक्त बनाउँदै संस्कृति संरक्षण, प्रवर्द्धनसहित स्वरोजगार बनाउने उद्देश्यले जिल्लाको म्याग्दे गाउँपालिकाले पञ्जेबाजा तालिम सञ्चालन गरेको छ । कला, संस्कृतिको संरक्षणसँगै सीपयुक्त बनाउन पञ्चेबाजा तालिम दिइएको हो ।

सीपको अभावमा बेरोजगार रहेका महिला, पुरूषलाई सीपको विकास गरी आत्मनिर्भर बनाउन, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न सीपमूलक पञ्चेबाजा तालिम दिइएको पालिकाले जनाएको छ । सीपमार्फत पालिकावासीलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने लक्ष्यसहित म्याग्दे-६ का १९ महिला तथा पुरूषलाई पञ्चेबाजा बजाउने तालिम प्रदान गरिएको पालिकाको आर्थिक विकास शाखाका प्रमुख प्रदीप न्यौपानेले जानकारी दिनुभयो । उहाँले यहाँका युवायुवतीलाई सीप सिकेर आत्मनिर्भर र स्वावलम्बी बनाउने प्रयास थालिएको भन्दै यसले संस्कृति संरक्षण, प्रवर्द्धन र पुस्तान्तरण हुने विश्वास व्यक्त गर्नुभयो । गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेड्‌पा)मार्फत सीप सिकाएपश्चात् उद्यमी बन्नेक्रम बढेको गाउँपालिकाले जनाएको छ । सीप नभएका व्यक्तिलाई सहभागी गराएर सीप सिकाउन पालिका लागिरहेको न्यौपानेले बताउनुभयो । सीप सिक्न र उद्यमी बन्न चाहनेका लागि घरधुरी सर्वेक्षण, अभिमुखीकरण र उद्यमशीलता विकास तालिम सञ्चालन गरिएको बताउँदै उहाँले आर्थिक वर्ष २०८१/८२ मा ६८ जनालाई तालिम प्रदान गरिएको जनाउनुभयो । उहाँका अनुसार गरिबी निवारणका लागि तालिम सञ्चालनमा ल्याइएको हो । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले कला, संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि पञ्चेबाजा तालिम प्रभावकारी हुने विश्वास लिनुभयो । तालिमपश्चात् स्थायीय स्वरोजगार बन्नुका साथै आयआर्जनका स्रोत विस्तार हुँदै जाने उहाँले बताउनुभयो ।

गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले सिकेको सीपलाई प्रयोगमा ल्याएर कला, संस्कृतिको जगेर्ना गर्दै आयसँग जोडेर आत्मनिर्भर र स्वावलम्बी बन्नेतर्फ योजना बनाउन तालिममा सहभागीलाई आग्रह गर्नुभयो । सिकेको सीपलाई व्यवसायमा परिणत गरी आत्मनिर्भरताका साथ अगाडि बढ्नसके आम्दानीको स्रोत बनाउन सकिने म्याग्दे-६ का वडाध्यक्ष हिरालाल गुरुङले बताउनुभयो । उहाँले वडाले कला, संस्कृतिको संरक्षण र संवर्द्धनका लागि लक्षित समुदायलाई आवश्यक सीप सिकाउने कार्य गरिरहेको दाबी गर्नुभयो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले स्थानीय समुदायलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिम प्रदान गरिएको बताउनुभयो । रोजगारी नपाई बसेका स्थानीय युवाबाट माग भएबमोजिमका तालिम सञ्चालन गरिएको भन्दै सीप सिकेपछि स्वरोजगारका अवसर वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । नेपाल पत्रकार महासङ्घका जिल्ला अध्यक्ष डिपी अधिकारीले लोपोन्मुख संस्कृतिको जगेर्ना गर्न सञ्चालन गरिएको तालिमले सीपयुक्त भएर आत्मनिर्भरतातर्फ अगाडि बढ्न पैरित गर्ने बताउनुभयो । उहाँले तालिममा सिकेका सीपको उपयोग गरी स्वरोजगार बन्न सुझाव दिनुभयो । उद्यमशीलता र सीपमूलक तालिमबाट स्वदेशी तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नु, स्थानीय तहमा आर्थिक समृद्धि हासिल गर्नु, स्थानीयस्तरमा उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, स्थानीय क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन गरी रोजगारी र आय वृद्धि गर्नु, नवप्रवर्द्धनलाई अवलम्बन गरी समावेशी र दिगो आर्थिक विकास हासिल गर्नुलगायत लक्ष्य गाउँपालिकाको रहेको छ । पञ्चेबाजा तालिम म्याग्दे-६ मनपाङ र अकलामा सञ्चालन भइरहेको छ ।

# संसारकोट दरबारको पुनःनिर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, २० जेठ

यहाँस्थित संसारकोटमा पूर्वाधार निर्माणले गति लिएको छ । भग्नावशेष अवस्थामा रहेका संसारकोट दरबार क्षेत्रमा पर्खाल र भगवती मन्दिर पुनर्निर्माण सुरु गरिएको छभने सत्तल र पदमार्गलगायत पूर्वाधार निर्माण जारी छन् ।

संसारकोटमा दुई महिनायता मन्दिरसहितका पूर्वाधार निर्माण भइरहेको छ । बागलुङ नगरपालिका-७ मा पर्ने संसारकोट पछिल्लो समय धार्मिक पर्यटकलाई पदमार्गमार्फत त्यहाँ पुऱ्याउन थालिएको छ । संसारकोट दरबारको पर्खाल पुनर्निर्माण तथा भगवती मन्दिर निर्माणमा खटिएका कामदार दुई महिनायता जङ्गलमै बास बसेर पूर्वाधार निर्माणमा खटिएका छन् ।

नगरपालिकाले संसारकोटलाई महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा चिनाउन २०७७ सालबाट विभिन्न काम सुरु गरेको थियो । समुद्री सतहबाट दुई हजार ४९० मिटरको उचाइमा रहेको संसारकोटमा अहिले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विनियोजन गरेको रु ३६ लाख बजेटबाट पुनर्निर्माण भइरहेको छ ।

निर्माण आयोजना उपभोक्ता समितिका अध्यक्ष केशवबहादुर कार्कीका अनुसार अहिलेसम्म भग्नावशेष दरबारको पर्खाल पुनःनिर्माण, संसारकोट पुग्ने पदमार्ग, सत्तललगायत संरचनामा रु एक करोड बराबरको पूर्वाधार निर्माण भइसकेको छ । विसं २०७७ सालमा पुरातत्व विभागले रु ३० लाख बजेटमा दरबारको पर्खाललाई पुनःनिर्माण थालिएकामा २०७९ सालमा रु २० लाख बजेट थप विनियोजन गरिएको थियो । विभागले ढुङ्गा कुँदेर कलात्मक ढङ्गले रु ५० लाख बजेटबाट ५० मिटर ढुङ्गाको मात्र पर्खाल लगाइएको थियो । अहिले पर्यटन मन्त्रालयको रकमबाट २० मिटर पर्खाल थप निर्माण र भगवतीको मन्दिर बनिरहेको छ, मन्दिर ढुङ्गा र काठको मात्र प्रयोग गरी निर्माण गरिएको छ ।

संसारकोटमा प्यागोडा शैलीको मोक्षदेवी भगवती मन्दिर, कलात्मक पर्खालको पुनःनिर्माण, सत्तल, खानेपानीका लागि आवश्यक पूर्वाधार तथा त्यहाँ पुग्ने पदमार्ग निर्माणले पछिल्लो समय धार्मिक पर्यटक आकर्षित गरेको छ । संसारकोटमा अहिले विद्युतसमेत पुऱ्याइएको छ । तीन वर्षअघि खसगाउँबाट थाप्लोसम्म चार सय मिटर पदमार्ग, अर्को वर्ष संसारकोटबाट सम्मेनीसम्मको पदमार्ग, खसगाउँ चौपारीबाट सम्मेनी सम्म र रामाइलो डाँडा गरी झण्डै चार किलोमिटर पदमार्ग निर्माण सम्पन्न गरिएको छ । अहिले खसगाउँबाट र संसारकोटको बीच भागमा पदमार्ग बनाउन बाँकी रहेको कार्कीले बताउनुभयो ।

पदमार्गको बीच-बीचमा चारवटा चौतारीसमेत निर्माण भइसकेका छन् । पर्यटन प्रवर्द्धन कार्यक्रम तथा पुरातात्विक स्थलको संरक्षण, मर्मत र जीर्णोद्वार कार्यक्रमले संसारकोटको मुहार फेरिँदै गएको छ । जिल्लाको ऐतिहासिक पर्यटकीयस्थलका रूपमा परिचित संसारकोट बागलुङको पाला, मूलपानी, मालिका, भीमपोखरा, धम्जा र म्याग्दीको ज्यामरुककोट, गौश्वरा तथा अर्कोतर्फ भकिम्ली समेतको जङ्गलको धुरीमा पर्छ ।

संसारकोट, ऐतिहासिक पर्यटकीय र सांस्कृतिक महत्व बोकेको क्षेत्रमा तत्कालीन बाइसे/चौबिसे राज्यअन्तर्गत पर्वते राजाले शासन गर्ने गरेको बुढापाकाले बताउने गरेको स्थानीय तेजप्रसाद न्यौरेले जानकारी दिनुभयो । उहाँले बागलुङ ६ र ७ नम्बर वडामा ताराजालकोट, कारिकोट, माफ्काकोट, राँयकोट र शिरमा संसारकोट रहेकाले अहिले सबैको सङ्गमस्थलका रुपमा पञ्चकाकोटकोनामकरण गरेर धार्मिक पर्यटकसमेत भित्र्याइरहेको छ । संसारकोटबाट अन्नपूर्ण, माछापुच्छ्रे र धवलागिरिलगायत हिमशृङ्खलाको दृश्यावलोकन गर्न सकिन्छ ।

# आँबुखैरेनीका छात्राको खातामा रु आठ लाख जम्मा

**पोखरापत्र संवाददाता**
दमौली, २० जेठ

तनहुँका आँबुखैरेनी गाउँपालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूको खातामा रु आठ लाख १९ हजार रकम जम्मा गरिदिएको छ । छात्रा बचत खाता कार्यक्रमअन्तर्गत पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत ८१९ छात्राहरूको खातामा उक्त रकम जम्मा गरिदिएको हो । शैक्षिक सुधार कार्यक्रमअन्तर्गत पालिकाले यसै आर्थिक वर्षदेखि छात्रा बचत खाता कार्यक्रम सुरू गरेको थियो । विद्यार्थीमा बचत गर्ने बानीको विकास गर्ने उद्देश्यसहित सुरू गरिएको यो कार्यक्रमअन्तर्गत कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने ८१९ छात्राको बैंक खाता खोली प्रतिविद्यार्थी रु एक हजारका दरले रकम जम्मा गरिदिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।

कुमारी बैंक आँबुखैरेनी शाखामा सबै विद्यार्थीको खाता खोलेर उक्त रकमको चेक सोमबार बैंकका प्रबन्धलाई हस्तान्तरण गरिएको छ । चुमानले भन्नुभयो, "सबै छात्राहरूको बैंक खाता खोलेर प्रतिविद्यार्थी रू एक हजारका दरले रकम जम्मा गरिदिएका छौँ । सानैदेखि बचत गर्नुपर्छ भन्ने भावना विकास गर्न यो कार्यक्रम ल्याइएको हो ।" शैक्षिक सुधार कार्यक्रमअन्तर्गत बाल बचत खाता सञ्चालनको मुख्य उद्देश्य भनेको सानैदेखि बचत गर्ने बानीको विकास, रूचि तथा क्षमताअनुसारको उच्च शिक्षाको पहुँच र उद्यमशील विकास गरी सुनौलो भविष्य निर्माणका लागि सहयोग पुऱ्याउने रहेको चुमानले बताउनुभयो । विद्यार्थीको खाता सञ्चालनबापत प्रत्येक विद्यार्थीले वार्षिक रु ३५ हजार बराबरको स्वास्थ्य बिमा प्राप्त गर्नेछन् । यसैगरी गाउँपालिकाले कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्तिबापत रु सात लाख ९० हजार वितरण गरेको छ ।

# सिङ्दी–दूधपोखरी हुँदै हर्पिङडाँडासम्म पदमार्गको खोजी गरिँदै

–वासुदेव पौडेल
गण्ठकी, २० जेठ/रासस

गुरुङ पर्यटन व्यवसायी सङ्घ (जिटिन) गण्डकी प्रदेशको आयोजना एवं नेपाल पर्यटन बोर्ड, क्होलासोथार गाउँपालिका, मर्स्याङ्दी गाउँपालिकाको आर्थिक सहयोगमा पोखराबाट लम्जुङको सिङ्दी हुँदै दूधपोखरी, लम्जुङ एवं मनाङको सिमाना गुरुङ देउराली, हर्पिङडाँडालगायत स्थानलाई पदमार्गका रूपमा समेट्ने गरी खोज तथा अन्वेषण गरिने भएको छ।

गुरुङ सम्पदा पदमार्गका रूपमा परम्परागत भेडीगोठसँगै प्राचीन नुन बोक्ने मार्गलाई पदयात्रा पर्यटनसँग जोड्ने लक्ष्यका साथ यही जेठ २३ गतेदेखि आगामी असार १ गतेसम्म उक्त क्षेत्रमा प्रवर्द्धनात्मक खोज तथा अनुसन्धानात्मक पदयात्रा गर्न लागिएको हो। सङ्घका संस्थापक अध्यक्ष एवं कार्यक्रम संयोजक बोबरजङ्ग गुरुङका अनुसार पोखराबाट लम्जुङको सिङ्दी हुँदै पसगाउँ-भुजुङ-घनपोखरा-राप्रु जु-क्युपारा-थुर्जु-दूधपोखरी तथा गुरुङ देउरालीको ब्रोखर्का-सिउरुङ-हर्पिङडाँडा हुँदै पुनःपोखरासम्मको खोज तथा अनुसन्धानात्मक पदयात्रा गर्न लागिएको हो। पोखरालाई पर्यटन राजधानी घोषणा गरेसँगै बृहत् पोखराको अवधारणासहित आसपासका पर्यटकीय गन्तव्यको संरक्षण, प्रवर्द्धन र विकास हुनुपर्ने विषय उठिरहेका बेला जिटिनले पदयात्रा पर्यटनको महत्त्वपूर्ण विकल्पका रूपमा गुरुङ सम्पदा पदमार्गको प्रवर्द्धन र विकास गर्न लागेको उहाँको भनाइ छ। सडक सञ्जालको विकाससँगै पर्यटकीय पदमार्ग हराउने र छोटिनेक्रम बढिरहेकाले सङ्घको संयोजन एवं पर्यटन बोर्डको प्रवर्द्धन तथा कास्कीको मादी गाउँपालिका, लमजुङको क्होलासोथर र मर्स्याङ्दी गाउँपालिकाका साथै मनाङको चामे गाउँपालिकाको सहयोगमा यसअघि स्थलगत अध्ययन अनुसन्धानपछि गुरुङ सम्पदा पदमार्गको औपचारिक घोषणा गरिसकिएको कार्यक्रम संयोजक गुरुङले जानकारी दिनुभयो।

प्रकृति, संस्कृति र इतिहासको सङ्गमका रूपमा रहेको यो पदमार्गमा यहाँको ऐतिहासिक तथा पुरातात्विक महत्त्वलाई असर नपर्ने, प्राकृतिक सुन्दरता र जैविक विविधतालाई हानि नपुग्ने गरी प्रवर्द्धन गर्नेतर्फ सङ्घ लागिरहेको जिटिन गण्डकी प्रदेशका अध्यक्ष किसमकुमारी गुरुङले बताउनुभयो। सङ्घले चरणबद्ध खोज तथा अनुसन्धानसँगै प्रवर्द्धनात्मक कार्यक्रम गरेर सन् २०२६ देखि पूर्ण रूपमा गुरुङ सम्पदा पदमार्ग सञ्चालन गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो। यसै पदमार्ग भएर गण्डकी प्रदेशको एक प्रमुख आदिवासी समुदाय तमु (गुरुङ) का पुर्खाहरू अहिलेका बस्तीहरूमा फैलिएका संस्थापक अध्यक्ष गुरुङको भनाइ छ। उहाँका अनुसार गुरुङ समुदायको प्ये ल्हु ताँ मा मात्रै नभई यस क्षेत्रस्थित क्होलासोथरमा विभिन्न चरणमा स्वदेशी, विदेशी विशेषज्ञहरूले गरेको पुरातात्विक अध्ययनले पनि यहाँको ऐतिहासिकता पुष्टि गरेको छ। क्होलासोथरको पुरातात्विक महत्त्वका भग्नावशेषको संरक्षण गरेर पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नसकेमा स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षण गर्न सकिने संस्थापक अध्यक्ष गुरुङले बताउनुभयो। "यस पदमार्ग क्षेत्रलाई समेटिने गन्तव्यमा अहिले पनि भोटको नुन बोक्दाका कथा सुन्न पाइन्छ। पदमार्गमा भेटिने बिसौनी तथा चौतारीहरू नुनको व्यापारिक मार्गको जीवन्त साक्षी बनेका छन्", उहाँले भन्नुभयो। खोज तथा अनुसन्धानका क्रममा एउटा मूल पदमार्गसहित एक दर्जनभन्दा बढी मार्ग आवश्यकता अनुसार सञ्चालनमा ल्याउन सकिने भन्दै सहायक पदमार्गहरू पहिचान गरिसकिएको संस्थापक अध्यक्ष गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार यी पदमार्गमा पर्यटकले पाँचदेखि १० दिनसम्म बिताउन सक्ने अध्ययनले देखाएको छ। यसपटक गर्न लागिएको सिङ्दीबाट दूधपोखरी हुँदै हर्पिङडाँडासम्मको अध्ययन अनुसन्धानबाट यहाँका सम्भावना र आवश्यकतालाई थप उजागर गर्ने उहाँले बताउनुभयो। भौगोलिक अवस्थितिका दृष्टिले यो पदमार्गको पदयात्राको उच्च बिन्दु चार हजार ९१० मिटर उचाइको गुरुङ देउराली (नामुन भञ्ज्याङ) सम्म रहेको छ। प्रशस्त खोला तथा मनोरम पोखरीसँगै ठूलाठूला खर्क र पाटनहरू रहेको पदमार्गबाट अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ, हिमलुङ, गणेश, हिमालचुली, मनास्लुजस्ता हिमशृङ्खलालाई नजिकैबाट अवलोकन गर्न सकिने यहाँको विशिष्टता हो। "प्रकृतिसँगै संस्कृतिलाई पनि जोड्ने यस पदमार्गको प्रवेश गर्ने स्थानबाट पदयात्रा समाप्त गर्ने स्थानसम्म गुरुङ गाउँ पर्दछन्। ती गाउँहरूमा घरबास सञ्चालन गरिएका छन् भने घाँटु, सोरठी, कृष्ण चरित्र, आमा समूहका नाच प्रचलनमा रहेका छन्। साथै गुरुङ समुदायको गाउँ, बसोबास तथा रहनसहन पनि यहाँका पर्यटकीय आकर्षण हुन्", संस्थापक अध्यक्ष गुरुङले भन्नुभयो। प्राचीन नुन व्यापारको मार्ग, क्होलासोथरको ऐतिहासिकतासँगै तत्कालीन समयमा धर्मशाला र बिसौनीका भग्नावशेषले यहाँको प्राचीन गरिमा र महत्त्वलाई उजागर गरेका उहाँको भनाइ छ। पदमार्गमा परम्परागत भेँडा, गाई, भैँसी तथा चौँरीको गोठ बस्ने खर्क, गोठाले जीवनको रहनसहनलाई पनि प्रत्यक्ष देख्न र अनुभव लिन सकिन्छ। यो पदमार्ग जैविक विविधताको अध्ययन अवलोकन गर्न चाहनेका लागि पनि महत्त्वपूर्ण मानिन्छ। पहाडी, उच्च पहाडी र हिमाली क्षेत्रको हावापानीमा पाइने औषधीजन्य वनस्पति, जीवजन्तु र चराचुरुङ्गीले पनि यहाँको महत्त्व बढाएका छन्। पदमार्गमा यार्सागुम्बा, जटामसी, सतुवा, पाँचऔँले, वन लसुनजस्ता प्रजातिका जडीबुटी पाइन्छन् भने ठाउँठाउँमा हावापानी अनुसारका लालीगुराँस तथा विभिन्न लेकाली फूलहरू अवलोकन गर्दै हिँड्न सकिन्छ। डाँफे, मुनाललगायत चराचुरुङ्गीको चिरविराहट सुन्दै पदयात्रा गर्न पाइनुले यहाँको महत्त्वलाई बढाएको संस्थापक अध्यक्ष गुरुङले बताउनुभयो। सिङ्दीबाट गर्नलागिएको खोज तथा अन्वेषणत्मक पदयात्राले यहाँका सम्भावनासँगै अत्यावश्यकीय पूर्वाधार विकासलाई उजागर गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। पर्यटन क्षेत्रमा क्रियाशील पर्यटन व्यवसायी, पथप्रदर्शक, सञ्चारकर्मीसहित पदयात्रा मजदुर गरी ५५ देखि ६० जनाको सहभागिता रहने उहाँले जानकारी दिनुभयो। सङ्घको आयोजनामा यसअघि यसै पदमार्गअन्तर्गत सुरुमा ताङतिङबाट तिमाङसम्मको अन्वेषणात्मक पदयात्रा गरिएको थियो भने त्यसपछि सिक्लेसबाट कफुचे, कोरी, क्होलासोथर, कर्पुडाँडा हुँदै याङ्जाकोटसम्म प्रवर्द्धनात्मक पदयात्रा गरिएको थियो।

# पर्वतका कृषकलाई दुई लाख माछाका भुरा वितरण

पोखरापत्र संवाददाता
पर्वत, २० जेठ



जिल्लामा व्यावसायिक रूपमा माछापालन गर्दै आएका कृषकलाई माछाका भुरा निःशुल्क वितरण गरिएको छ। जिल्लाका विभिन्न पालिकामा व्यावसायिक माछापालन गर्ने कृषकलाई दुई लाख २१ हजार माछाका भुरा वितरण गरिएको हो।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका अनुसार चालु आर्थिक वर्षमा विनियोजित बजेटबाट जिल्लाका सातवटै पालिकाका कृषकलाई निःशुल्क माछाका भुरा उपलब्ध गराइएको हो। पशु स्वास्थ्य प्राविधिक प्रकाश परियारले कुश्मा नगरपालिकामा ३८ हजार, जलजला गाउँपालिकामा ६० हजार, मोदी गाउँपालिकामा ३५ हजार, विहादी गाउँपालिकामा सात हजार, पैंयु गाउँपालिकामा ३१ हजार र फलेबास नगरपालिकामा ५० हजार माछाका भुरा वितरण गरिएको जानकारी दिनुभयो। व्यावसायिक रूपमा माछापालन गर्दै आएका कृषकलाई प्रोत्साहन गर्ने र माछामा आत्मनिर्भर बनाउने उद्देश्यले भुरा वितरण गरिएको बताउँदै उहाँले यस वर्ष २० रोपनी क्षेत्रफलमा माछापोखरी निर्माणका लागि सम्झौता भएको उल्लेख गर्नुभयो। परियारका अनुसार माछापोखरी निर्माणका कार्यालयले प्रतिरोपनी रु २५ हजारका दरले अनुदान वितरण गर्नेछ। माछापालनतर्फ कृषकको आकर्षण बढाउनका लागि कार्यालयले यस वर्ष रु २० लाख विनियोजन गरेको थियो। अहिले जिल्लाभर ३० भन्दाबढी माछापालन फार्म सञ्चालनमा रहेका जनाउँदै कृषकको माग र पोखरीको क्षमताअनुसार भुरा वितरण गरिएको पशु स्वास्थ्य प्राविधिक परियारले बताउनुभयो। जिल्लालाई माछामा आत्मनिर्भर गराउनेगरी पोखरी निर्माण र भुरा वितरणमा सहयोग गरिएको केन्द्रले जनाएको छ। केन्द्रले यस वर्ष बृहत्तर पशुपक्षी प्रवर्द्धन सहयोग कार्यक्रमअन्तर्गत प्रतिकार्यक्रम रु आठ लाख ३३ हजारका दरले छ वटा कार्यक्रम सञ्चालन गर्ने तथा स्थानीयस्तरमा पशुपक्षी प्रवर्द्धनमा सहयोग कार्यक्रमअन्तर्गत दुई वटा कार्यक्रमसञ्चालन गर्ने जनाएको हो। यसबाहेक पाडा, बाच्छा हुर्काउने कृषकलाई प्रोत्साहन रकम वितरण, कृत्रिम गर्भाधान सेवा, गाईभैंसीलाई सुत्केरी पोषण खर्चलगायत अनुदान कार्यक्रमका साथै गाईभैंसीमा पूर्ण खोप अभियान सञ्चालन गरिएको कार्यालयका निमित्त प्रमुख रामकृष्ण सुवेदीले जानकारी दिनुभयो।

चालु आर्थिक वर्षका कार्यक्रम नियमित रूपमा सञ्चालन भइरहेका बताउँदै उहाँले कार्यालयको लक्ष्यअनुसार उपलब्धि हासिल हुँदै गएको उल्लेख गर्नुभयो।

# अन्नपूर्ण 'ट्रेल रेस'को उपाधि घराम्दीका कुशललाई

पोखरापत्र संवाददाता
पर्वत, २० जेठ

अन्नपूर्ण हिमाल आरोहण भएको ७५औँ वार्षिकोत्सवका अवसरमा मंगलबार म्याग्दीमा भएको अन्नपूर्ण 'ट्रेल रेड' दौड प्रतियोगिताको उपाधि अन्नपूर्ण गाउँपालिका-७ घराम्दीका कुशल पुर्जाले जित्नुभएको छ।

चार हजार ९१ मिटर उचाइको अन्नपूर्ण आधार शिविरदेखि अन्नपूर्ण-४ नारच्याङ गाउँसम्म मौरिस हर्जोग पदमार्गमा भएको प्रतियोगितामा दुई घण्टा ४७ मिनेट ३७ सेकेन्डमा ३६ किलोमिटर दूरी पार गरेर पुर्जा विजयी हुनुभएको हो। अन्नपूर्ण-६ घारका लोकबहादुर बरुवालले दुई घण्टा ५२ मिनेट ५१ सेकेण्ड र सञ्जयबहादुर बरुवालले तीन घण्टा आठ मिनेट ३७ सेकेन्डमा निर्धारित दूरी पार गरेर दोस्रो र तेस्रो हुनुभएको प्रतियोगिताको व्यस्थापन गरेको भूतपूर्व खेलाडी मञ्चका संस्थापक अध्यक्ष खड्ग रानाभाटले जानकारी दिनुभयो।

अन्नपूर्ण आधार शिविरबाट आज बिहान ६.३० बजे सुरु भएको प्रतियोगितामा म्याग्दीका ४० जना धावकहरूको सहभागिता थियो। विजयी २४ वर्षीय पुर्जा भारतीय गोर्खा सैनिक र उपविजेता २४ वर्षीय बरुवाल नेपाली सेनाका जवान हुन्। विजेता, उपविजेता र तेस्रो हुनेलाई आज दिउँसो नारच्याङ बेँसीमा आयोजना हुने समारोहमा प्रमाणपत्रको साथमा क्रमश नगद रु ५० हजार, ३० हजार र २० हजार पुरस्कार प्रदान गरिने अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो। अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको प्रर्वद्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उहाँले बताउनुभयो। सन् १९५० जुन ३ का दिन फ्रान्सका मौरिस हर्जोगले पहिलोपटक अन्नपूर्ण हिमाल आरोहण गरेको ७५ वर्ष पूरा भएको अवसरमा आज महोत्सव मनाइँदैछ।

# प्लास्टिक प्रदुषण विरुद्ध पोखरा लनर्स एकेडेमी

पोखरापत्र संवाददाता
पर्वत, २० जेठ



सामाजिक उत्तरदायित्व अन्तर्गत पोखरा लनर्स एकेडेमीले प्लास्टिक प्रदूषण विरुद्ध ७ दिने अभियान सुरु गरेको छ।

गत जेठ १८ देखि २३ गतेसम्म वातावरण सप्ताह मनाउने अभियान अन्तर्गत कक्षा ६, ७ र ८ कक्षामा अध्ययनरत विद्यार्थीले पोखरा ६ लेकसाइड केदारेश्वर मन्दिर परिसरमा सफाई गर्दै निरन्तरता दिएको विद्यालयका प्राचार्य विधान गौतमले जानकारी दिए। विद्यार्थीहरुको अतिरिक्त क्रियाकलाप अन्तर्गत पोखरा ७ स्थित पोखरा लनर्स एकेडेमीले सरसफाइ अभियानलाई तीव्रता दिएको हो। वातावरण सप्ताहको अवसरमा विद्यार्थीहरुले केदारेश्वर मन्दिर परिसरमा सफाइ कार्यक्रम सम्पन्न गर्दै यस वर्षको विश्व वातावरण दिवसलाई सफल बनाउने प्रतिवद्धता जनाएका छन्। 'प्लास्टिक प्रदूषण विरुद्ध एकजुट होऔं' भन्ने नारालाई मनन् गर्दै उनीहरूले प्लास्टिक र अन्य फोहोर संकलन गरी वातावरण संरक्षणको सन्देश दिएका थिए।

सहभागी विद्यार्थीले भने, 'हामीले प्लास्टिकले गर्दा हाम्रो ऐतिहासिक मन्दिर र प्राकृतिक सौन्दर्य बिग्रिरहेको महसुस गरेका छौं। त्यसैले हामीले सरसफाइको माध्यमबाट प्लास्टिक प्रदूर्षण विरुद्ध अभियान थालेका छौं।' विद्यालयका माध्यमिक तहका संयोजक कृष्णप्रसाद लम्सालले विद्यार्थीहरुको सक्रियताप्रति प्रशंसा गर्दै भने, 'विद्यार्थीमा वातावरणीय चेतना जगाउनु र प्लास्टिक प्रदूर्षण विरुद्ध व्यवहारिक कदम चाल्न प्रेरित गर्नु हाम्रो मुख्य उद्देश्य हो।' यसैक्रममा विभिन्न कक्षाका विद्यार्थीहरूले पोस्टर बनाउने, निबन्ध लेख्ने, वादविवाद प्रतियोगिता जस्ता गतिविधिहरु सञ्चालन गर्दै आएका छन्। प्लास्टिक प्रदूर्षण न्यूनीकरणमा आफ्नो योगदान पुऱ्याउने लक्ष्य लिएको विद्यालयले आगामी दिनहरुमा प्लास्टिकलाई घटाउने, पुनः प्रयोग गर्ने र पुनःप्रशोधन गर्ने अभ्यासलाई प्रोत्साहन गर्ने योजना बनाएको छ। वातावरण सप्ताह अन्त्यमा सरसफाइ कार्यमा सक्रिय सहभागी विद्यार्थीहरुलाई सम्मान र पुरस्कार वितरण तथा आगामी दिनमा रचनात्मक कार्यक्रमलाई निरन्तरता दिने विद्यालयका शिक्षक आदर्श घिमिरेले जानकारी दिए।

# स्याङ्जाको चराङमा फल्यो स्याउ

पोखरापत्र संवाददाता
वालिङ, २० जेठ



भीरकोट नगरपालिका-९ चराङ गहतेमा स्याउ उत्पादन थालिएको छ। यहाँ दुई वर्ष अगाडि परीक्षणका लागि स्याउ लगाउन सुरु गरिएको थियो।

भीरकोट-९ का वडा सदस्यसमेत रहनुभएका चराङ गहतेका ललित गुरुङ र ईमानप्रसाद गुरुङले परीक्षणका लागि लगाउनुभएको स्याउ यसवर्ष लटरम्म फलेको छ। "दुई वर्ष अघि स्याउका बेर्ना किनेर परीक्षणका लागि लगायौँ", ललितले भन्नुभयो, "फल्छ की फल्दैन भन्ने अन्योल थियो। अहिले लटरम्म फलेको छ।" गत वर्ष ५-७ दाना मात्र फलेको उहाँले बताउनुभयो। स्याउका लागि यहाँको हावापानी अनुकुल रहेको पाइएको छ। समुद्री सतहदेखि झण्डै एक हजार ५०० मिटर उचाइमा रहेको चराङ गहतेमा परीक्षणका लागि लगाइएको स्याउले राम्रो उत्पादन दिन थालेपछि अब व्यावसायिक रूपमा स्याउ उत्पादन गर्न थालेको उहाँले बताउनुभयो। "अब स्याउका बेर्ना ल्याएर व्यावसायिकरूपमा अगाडि बढ्ने तयारीमा छौँ", ललितले भन्नुभयो। स्याउको यावसायिक उत्पादनबारे कृषि प्राविधिकसँग समन्वय छलफल गरिरहेको उहाँले बताउनुभयो।

चराङ गहतेमा स्याउ उत्पादन सफल भएसँगै अहिले त्यहाँका स्थानीय खाली रहेका जमिनमा व्यावसायिक रूपमा स्याउ खेती गर्नेतर्फ आकर्षित हुन थालेका छन्। कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले यसबारे जानकारी प्राप्त नभएको बताउनुहुन्छ। "उत्पादन भएको स्याउको गुणस्तर पत्त । लगाउँदै छौँ", उहाँले भन्नुभयो।

# भरतपुर महानगर र ताराखोला गाउँपालिकाबीच भगिनी सम्बन्ध

पोखरापत्र संवाददाता
बागलुङ, २० जेठ



बागलुङको ताराखोला गाउँपालिका र चितवनको भरतपुर महानगरपालिकाबीच भगिनी सम्बन्ध कायम गरिएको छ। असल अभ्यास आदानप्रदान तथा कृषि, पर्यटन, शिक्षालगायत क्षेत्रमा सहकार्य गर्नका लागि दुई स्थानीय तहले भगिनी सम्बन्ध कायम गरेका हुन्।

भरतपुर पुगेका ताराखोलाका जनप्रतिनिधि र भरतपुरका जनप्रतिनिधिबीच भगिनी सम्बन्धको प्रस्तावपत्रमा सोमबार हस्ताक्षर गरी आदानप्रदान गरिएको छ। गाउँपालिकाका अध्यक्ष धनबहादुर विक र भरतपुरका प्रमुख रेणु दाहालले संस्कृतिको आदानप्रदान, कृषि, स्वास्थ्य, शिक्षा, पर्यटनलगायत क्षेत्रमा सहकार्य गर्नेगरी भगिनी समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको छ। प्रस्तावपत्रमा भरतपुरका प्रमुख दाहाल, उपप्रमुख चित्रसेन अधिकारी र प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल तथा ताराखोलाका तर्फबाट अध्यक्ष विश्वकर्मा र प्रमुख प्रशासकीय अधिकृत सूर्य विश्वकर्माले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको छ।

सो गाउँपालिका गण्डकी प्रदेशअन्तर्गत बागलुङको पर्यावरण पर्यटन क्षेत्रको प्रचुर सम्भावना भएको क्षेत्र र धार्मिक, ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक हिसाबले निकै सम्भावना बोकेको क्षेत्र भरतपुरबीच भगिनी सम्बन्ध कायम गरिएको गाउँपालिकाका अध्यक्ष विश्वकर्माले जानकारी दिनुभयो।

घुम्टे, गाईघाट झरना, डुडेलेक तथा धार्मिक क्षेत्र तिनचुले, बराह मन्दिर, घुम्टे सिद्ध थान पर्यटकीय क्षेत्र रहेको ताराखोला स्थानीय उत्पादन र संस्कृतिलाई महानगरसामु चिनाउन भगिनी सम्बन्ध कायम गरिएको विश्वकर्माले बताउनुभयो। ऐतिहासिक रूपमा नेपालको शासकीय स्वरूप परिवर्तनमा भएको सशस्त्र सङ्घर्षको उद्गम थलो रहेको सो गाउँपालिका र भरतपुर महानगरबीच स्थानीय विकासका लागि समानता तथा विविधतालाई एकअर्काले नियमित रूपमा सिकाइका र अवसरका रूपमा लिने गरी समझदारी गरिएको हो।

शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन, दमकल, एम्बुलेन्स, बस्ती विकास, पर्यटन, प्रविधि, संस्कृति, संयुक्त उद्यम, बजार व्यवस्थापन, भौतिक तथा वार्षिक सहयोगलगायतका अन्य विविध असल अभ्यास एवं अनुभव आदानप्रदान गर्ने व्यवस्थाअनुसार भरतपुर महानगर र गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम गरिएको हो।